स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड स्टार सलमान खान अर्को कानुनी विवादमा फसेका छन्। बम्बई उच्च अदालतको गोवा बेन्चले गोवाको क्यान्डोलिममा उनीसँग सम्बन्धित आवास परियोजनाको सम्बन्धमा दायर गरिएको जनहित याचिकामा सूचना जारी गरेको छ। याचिकामा वातावरणीय कानुन अन्तर्गत संरक्षित क्षेत्र तटीय नियमन क्षेत्र नियमको उल्लन गरेर आवासीय भिल्लाहरु निर्माण गरिएको आरोप लगाइएको छ।

आजको विचार...



परस्पर... (दुई पेजमा)

श्रीमननारायण



अभिनेत्री नम्रता श्रेष्ठको जन्मदिन जुन १४ (३१ जेठ)मा पर्छ। अर्थात् यस वर्ष उनको जन्मदिन गइसकेको छ। तर, उनले बुधबार मात्र आफ्नो जन्मदिन मनाएको भिडियो सामाजिक सञ्जालमा पोस्ट गरेकी छन्। भिडियो ढिलो पोस्ट गर्नुको कारण भने उनी २८ दिनदेखि पञ्चकर्म (आयुर्वेदको विशिष्ट चिकित्सा पद्धति)मा थिइन्। त्यो अवधिभर उनले मोबाइल चलाएकी थिइनन्। उनले लेखेकी छन्, "जुन महिना मेरो थियो। पूर्ण रूपमा शान्तसँग मेरो।

❒ वर्ष ३१ ❒ अंक ३४१ ❒ २०८३ असार २५ गते बिहीबार 9 July 2026, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# कालीगण्डकी करिडोर : सडकसँगै बदलिएको जनजीवन

**रामचन्द्र रायमाझी**

**तानसेन (पाल्पा),** असार २४ / यहाँको रम्भा गाउँपालिका-१ अर्सदीका ६८ वर्षीय जगन्नाथ अर्याललाई छ घण्टा लगाएर तानसेन पुगेको याद ताजै छ । स्कुल पढ्दा पैदलै हिँडेर सदरमुकाम तानसेन गएको उनी सम्झन्छन् । अर्याल भन्छन्, "गाडी चढेर जानुपरे घरबाट चार घण्टा पैदल हिँडेर छर्दी खोला तरेर मालुङ्गा हुँदै गल्याङ्ग पुग्थ्यौं, त्यहाँबाट गाडी चढेर बल्ल तानसेन जान्थ्यौं ।" डेढ दशकअघिसम्म बुटवल, पोखरा जानुपरे चार/पाँच दिन लगाएर जानुपर्ने बाध्यता रहेको उनी बताउन्छन् । अर्याल भन्छन्, "पहिले त निकै कष्ट थियो । अहिले त डेढ घण्टामै तानसेन, तीन/चार घण्टामै पोखरा पुग्न सकिने भयो ।" अर्याल यतिबेला आफ्नै आँगनमा सर्र गाडीबाटै ओर्लन्छन् । "आफ्नै घर आँगनबाट मोटर गुड्ला र बस चढेर तानसेन, काठमाडौं, बुटवल, पोखरा पुगिएला भन्ने कल्पना नै थिएन", उनी भन्छन् । अहिले सवारी साधनमै चढेर तानसेन, बुटवल, पोखरा, काठमाडौं पुग्न पाउँदा धेरै सहज भएको छ । चार/पाँच दिन हिँडेर जानुपर्ने बाध्यता अहिले हटेको उनले बताए । रामपुर नगरपालिका-१० दुर्गा मन्दिर टोलका उपेन्द्र अधिकारी पनि पाँच घण्टा लगाएर नुन, तेल लिन गल्याङ्ग पुग्ने गरेको स्मरण गर्नछन् । उनी भन्छन्, "हाम्रो बुबा, हजुरबुबाहरु नुन लिन तीन/चार दिन लगाएर बुटवल जानुहुन्थ्यो, पछि गल्याङ्गसम्म आउन थालेपछि हामीहरु पाँच घण्टा पैदल हिँडेर जान्थ्यौं तर अहिले त्यो अवस्था छैन ।" केही वर्षअघिसम्म बिहानै घरबाट निस्किएका स्थानीय साँझसम्म पनि बजार पुग्न सक्दैनथे । बिरामीलाई डोकोमा बोकेर उकालो-ओरालो हिँड्नुपर्ने बाध्यता थियो । किसानले उत्पादन गरेका सुन्तला, तरकारी र अदुवा गाउँमै कुहिन्थ्यो । तर आज त्यही गाउँमा गाडीको आवाज सुनिन्छ, एम्बुलेन्स पुग्छ, उत्पादन सिधै बजारसम्म जान्छ । यो परिवर्तनको प्रमुख आधार बनेको छ कालीगण्डकी करिडोर । कालीगण्डकी करिडोर निर्माण भएपछि अर्याल र अधिकारीको यात्रा मात्र होइन यस क्षेत्रका सयौं नागरिकलाई समेत सहज भएको छ ।



कालीगण्डकी करिडोर सडक ट्र्याक खुलेपछि अहिले धेरै खण्डमा स्तरोन्नतिको काम भइरहेको छ । यसले गर्दा कतिपय स्थानमा नयाँ सहर बसेको छ भने दुर्गमका बस्तीलाई करिडोरसम्म जोडेपछि जनजीवन सहज बनेको छ । पाल्पाको राम्दीदेखि रानीमहल १७ किलोमिटरबाहेक अन्यत्र सडक ग्राभेल छ । झन्डै २५० किलोमिटर सडक कालोपत्रसमेत भइसकेको छ । सडकको स्तरोन्नतिसँगै कृषिउपज उत्पादन गर्ने, शिक्षा, स्वास्थ्यको पहुँचमा सजिलो भएको छ । कालीगण्डकी नदीको छेउ हुँदै रेखाङ्कन गरिएको सडक आसपास नयाँ बस्ती समेत विस्तार भएका छन् । गण्डकी प्रदेशको पूर्वी नवलपरासीबाट सुरु भएर लुम्बिनीको पाल्पा, गुल्मी, पुनः गण्डकीकै बागलुङ, पर्वत, म्याग्दी, मुस्ताङसम्म करिडोरअन्तर्गत सडक निर्माण भएको छ । राष्ट्रिय गौरवको आयोजनामा समावेश गरी सरकारले प्राथमिकतामा राखेको ४४५ किलोमिटर सडक निर्माणले गति लिएसँगै दुर्गम जिल्लाका बासिन्दालाई यातायातको सहज भएको छ । "हामीलाई बजार जान चार/ पाँच घण्टा लगाएर सदरमुकाम जानुपर्ने बाध्यता थियो," रम्भा हुँगीका ७० वर्षीय कमल भण्डारीले भने, "अहिले त सहर जान कुनै दु:ख छैन । दुई/तीन घण्टामै बजार गएर आउने गरिन्छ ।" आफूले निकै दु:ख गरे पनि अहिले छोरानातिका लागि सहज भएको उनी सुनाउन्छन् । हिजो त गेझा हुँगी, खालीवन फोक्सिङकोट क्षेत्रका जनता आफ्नै जिल्लाको सदरमुकाम जानुपर्दा स्याङ्जाको गल्याङ्गसम्म पैदल, त्यसपछि बस चढेर जानुपर्ने बाध्यता थियो ।

*-बाँकी अन्तिम पेजमा...*


## संक्षिप्त समाचार

### इबोला सङ्क्रमितको सङ्ख्या १७ सय पुग्यो

**(रासस/सिन्ह्वा)**

**किन्शासा (कङ्गो),** असार २४/कङ्गो लोकतान्त्रिक गणतन्त्र कङ्गो (डीआरसी) म एक हजार ७०० भन्दा बढी मानिसहरुमा इबोला सङ्क्रमण पुष्टि भएको जनाउदै विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) ले प्रकोप अझै तीव्र गतिमा फैलिएको चेतावनी दिएको छ ।कङ्गोमा ५८० जना सङ्क्रमितको मृत्यु भएकासहित एक हजार ७०८ जनामा सङ्क्रमण पुष्टि भएको रिपोर्ट गरेको अधिकारीहरूले बताएका छन् । मङ्गलबार जारी गरिएको डब्ल्यूएचओको प्रतिवेदन अनुसार इटुरी र उत्तरी किवु प्रान्तका स्वास्थ्य क्षेत्रहरूमा निरन्तर सङ्क्रमण, मृत्युको बढ्दो सङ्ख्या र स्वास्थ्य क्षेत्रहरूमा सङ्क्रमणको फैलावटले गर्दा कङ्गो प्रकोप तीव्र हुँदै गएको पुष्टि गरेको छ । कङ्गोमा सार्वजनिक स्वास्थ्य जोखिम उच्च रहेको चेतावनी कङ्गोका लागि डब्ल्यूएचओका प्रतिनिधि एनी एन्सियाले इटुरी प्रान्तको राजधानी बुनियामा पत्रकारहरूसँगको साक्षातकारमा दिएको हो । डब्ल्यूएचओको प्रतिवेदनले उपचारका लागि भर्ना हुनु भन्दा अघि भएका भएका सङ्क्रमित मृत्युहरू प्रमुख चिन्ताको विषय बनेको जनाउदै यसले सङ्क्रमण पत्ता लगाउन, ढिलाइ हुने सुझाव दिएको छ ।

## पाल्पाबाट अवैध लागूऔषध सहित एक युवक पक्राउ



**पाल्पा,** असार २४/ पाल्पामा प्रहरीले अवैध लागूऔषधसहित एक युवकलाई पक्राउ गरेको छ । प्रहरी चौकी आर्यभञ्ज्याङबाट खटिएको चेकिङ टोलीले बगनासकाली गाउँपालिका-३ आर्यभञ्ज्याङस्थित सिद्धार्थ राजमार्गमा सवारी साधन तथा यात्रुको जाँच गर्ने क्रममा अवैध लागूऔषधसहित तानसेन नगरपालिका-६ का २४ वर्षीय हेमन्त खड्कालाई पक्राउ गरेको हो ।

बुटवलबाट पोखरातर्फ जाँदै गरेको ग २ ख २१४४ नम्बरको बस रोकी खड्कामाथि शंका लागेपछि शरीर खानतलासी गर्दा उनको साथबाट प्लास्टिकमा प्याक गरिएको अवस्थामा ब्राउन सुगर जस्तो देखिने पदार्थ २ ग्राम १९० मिलिग्राम तथा चरेश जस्तो देखिने पदार्थ ६ ग्राम २९० मिलिग्राम बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक कुसल सिंह ठकुरीले जानकारी दिए । उनको अनुसार बरामद गरिएको लागूऔषधसहित खड्कालाई नियन्त्रणमा लिई आवश्यक मुचुल्का तयार गरी जिल्ला अदालत पाल्पाबाट १५ दिनको म्याद थप अनुमति लिएर उनीमाथि लागूऔषध सम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको छ ।

## युट्युब हेरेरै व्यावसायिक कृषिमा शेर्पा

**तुलसीपुर (दाङ),** असार २४/ अधिकांशका लागि सामाजिक सञ्जाल युट्युब मनोरञ्जन र समय बिताउने माध्यम हो । तर दाङको तुलसीपुर उपमहानगरपालिका-१३ बखरियाकी सुलोचना शेर्पाले त्यही युट्युबलाई आफ्नो जीवन बदल्ने पाठशाला बनाएकी छन् । पाँच वर्षअघि मोबाइलको पर्दाबाट सुरु भएको सिकाइले आज उनलाई व्यावसायिक कागती कृषकका रूपमा स्थापित गरेको छ । कुनै औपचारिक तालिम नलिई, कृषि विज्ञको ढोका नढकढक्याई सुलोचनाले युट्युबमा उपलब्ध सामग्री हेरेरै कागतीखेतीका आधुनिक विधि सिकिन । त्यसपछि घरसँगै जोडिएको ११ कठ्ठा जग्गामा ३०० वटा कागतीका बिरुवा रोपेर व्यावसायिक खेती सुरु गरिन् । "मैले युट्युबबाट धेरै कुरा सिकेँ, त्यसबाट आत्मविश्वास बढ्यो र



खेती सुरु गर्ने निर्णय गरेँ", उनले भनिन् । सुरुआती वर्षमा उत्पादन कम भए पनि उनी निराश भएनिन् । बोटको नियमित हेरचाह, सिँचाइ र प्राङ्गारिक मलको प्रयोगलाई निरन्तरता दिइन । त्यसको प्रतिफलस्वरूप गत वर्ष सबै खर्च कटाएर करिब रु एक लाख ५० हजार आम्दानी गर्न सफल भईन् । यस वर्ष भने बगैँचाका अधिकांश बोट फलले लटरम्म छन् । उत्पादन बढेकाले आम्दानी दुई लाखसम्म पुग्ने अपेक्षा उनको छ । "गत वर्षभन्दा यसपालि धेरै राम्रो फल लागेको छ, मेहनतको प्रतिफल देखिन थालेको छ", उनले भनिन् । अहिले उनले विभिन्न कृषिसम्बन्धी सैसंस्था र सरकारी निकायबाट पनि प्राविधिक सहयोग लिन थालेकी छन् । झोल मल, गोठे मल र गड्यौला मलको प्रयोग गरेर प्राङ्गारिक उत्पादनलाई प्राथमिकता दिइरहेकी छन् । यसले उत्पादनको गुणस्तर सुधारिनुका साथै लागत पनि घटेको उनको अनुभव छ । सुलोचनाको बुझाइमा अहिले सूचना र प्रविधिको पहुँच गाउँसम्म पुगेको छ । त्यसलाई मनोरञ्जनमा मात्र सीमित नराखी सीप सिक्ने माध्यमका रूपमा उपयोग गर्न सके आत्मनिर्भर बन्न सकिन्छ । उनको सफलताले आधुनिक प्रविधिको सही उपयोगले गाउँमै बसेर पनि रोजगारी र आम्दानीका नयाँ अवसर सिर्जना गर्न सकिन्छ भन्ने सन्देश दिएको छ । कुनै समय मनोरञ्जनका लागि चलाइएको मोबाइल आज उनका लागि खेतीको गुरु बनेको छ भने कागती बगैँचाले उनको जीवनमा आर्थिक आत्मनिर्भरताको नयाँ अध्याय लेखिदिएको छ ।*-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## व्यापारघाटा घटाऔं

साधारणतः आयातको वृद्धिदर बढ्नु र निर्यातको वृद्धिदर घट्नु नै व्यापार घाटाको अवस्था हो । नेपालको अर्थतन्त्रका लागि यो एउटा प्रमुख चुनौतीका रुपमा रहेको छ । वर्षेनी आयातको मात्रा बढ्दै जाँदा निर्यात अपेक्षाकृत कम रहँदा देशको व्यापार सन्तुलन निरन्तर ऋणात्मक बन्दै गएको छ । चालु आर्थिक वर्षको ११ महिनासम्मको वैदेशिक व्यापारलाई हेर्दा पनि आयातमा आधारित अर्थतन्त्रमा कुनै सुधार आएको देखिँदैन । यो जेठसम्म हाम्रो कुल वैदेशिक व्यापार २१ खर्ब ७२ अर्ब रुपैयाँ पुगेको छ । गत वर्ष जेठसम्म १८ खर्ब ९२ अर्बको व्यापार भएको थियो । जेठसम्म वैदेशिक व्यापार १४.७८ प्रतिशतले बढेको छ । कुल वैदेशिक व्यापारमध्ये १८ खर्ब ९४ अर्बबराबरका वस्तु आयात हुँदा २ खर्ब ७७ अर्ब रुपैयाँका वस्तु निर्यात भएको छ । कुल व्यापारघाटा करिब १६ खर्ब १७ अर्ब छ । जेठसम्म आयात १५.१६ प्रतिशतले र निर्यात १२.२८ प्रतिशतले बढेका छन् । यस्तै कुल व्यापारमा १४.७८ प्रतिशतको वृद्धि हुँदा व्यापारघाटा १५.६७ प्रतिशतले बढेको छ । यसले विदेशी मुद्रा सञ्चितिमा दबाब सिर्जना गर्नुका साथै उत्पादन, रोजगारी र आर्थिक आत्मनिर्भरतामा पनि नकारात्मक प्रभाव पारिरहेको छ । त्यसैले व्यापारघाटा घटाउने विषयलाई राष्ट्रिय प्राथमिकताका रूपमा लिन आवश्यक छ । व्यापारघाटा बढ्नुका मुख्य कारणहरूमा उत्पादनमूलक उद्योगको कमजोर अवस्था, आयातमा अत्यधिक निर्भरता, निर्यातयोग्य वस्तुको कमी, आधुनिक प्रविधि र लगानीको अभाव तथा नीतिगत कमजोरीहरू पर्दछन् । दैनिक उपभोगदेखि विलासी वस्तुसम्म विदेशबाट आयात गरिने प्रवृत्तिले समस्या अझ जटिल बनाएको छ । यस समस्याको समाधानका लागि स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्नु पहिलो आवश्यकता हो । कृषि, उद्योग, पर्यटन र जलविद्युत् जस्ता क्षेत्रमा लगानी बढाएर उत्पादन वृद्धि गर्नुपर्छ । साना तथा मझौला उद्योगलाई सहुलियत ऋण, प्रविधि र बजारको पहुँच उपलब्ध गराउन सके उत्पादन र रोजगारी दुवै बढ्न सक्छ । साथै, निर्यातयोग्य वस्तुको गुणस्तर सुधार, अन्तर्राष्ट्रिय बजार विस्तार र व्यापार सहजीकरणमा सरकारको सक्रिय भूमिका आवश्यक छ । उपभोक्ताले पनि स्वदेशी वस्तुको प्रयोगलाई प्राथमिकता दिनुपर्छ । स्वदेशी उत्पादनको प्रयोगले उद्योगको विकास, रोजगारी सिर्जना र विदेशी मुद्राको बचतमा योगदान पुग्छ । त्यसैगरी, अनावश्यक तथा विलासी वस्तुको आयात नियन्त्रण गर्न प्रभावकारी नीति अपनाउनु पनि आवश्यक छ । व्यापारघाटा घटाउने कार्य सरकार, निजी क्षेत्र र नागरिक सबैको साझा जिम्मेवारी हो । तसर्थ यसतर्फ सबैको ध्यान जान जरुरी छ ।

## Opinion @ Social Network

"म कसैसँग प्रतिस्पर्धामा छैन,
मेरो लडाईं केवल हिजोको 'म' र आजको 'म' बीच मात्र हो ।"
*(अर्जुन घिमिरेको फेसबुक स्टाटसबाट www.facebook.com/Arjun.Ghimire)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# परस्पर अविश्वासनीय वाम एकताको नारा



**श्रीमननारायण**

*नेपालका वामपन्थीदलबीच एकता हुनु र भ्यागुताको धार्नी बनाउनु कुरा एउटै हो । नेकपा एमालेका पूर्वमहासचिव स्वर्गीय मदन भण्डारीको ७५औं जन्मजयन्तीमा मदन भण्डारी फाउण्डेशनद्वारा आयोजित 'नेपालको कम्युनिष्ट आन्दोलन र जननेता मदन भण्डारी' विषयक विचार गोष्ठीमा वामपन्थी पृष्ठभूमिका पूर्वप्रधानमन्त्रीहरू नेकपा एमालेका अध्यक्ष खडगप्रसाद ओली, नेकपाका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेकपाका सहसंयोजक माधवकुमार नेपाल र नेकपाका संरक्षक झलनाथ खनाल अतिथि वक्ताको रूपमा उपस्थित थिए । चारै नेताहरूले वामपन्थी एकताको आवश्यकता टड्कारी रूपमा रहेकोमा एकै मत थिए तर नेतृत्व, पद र शक्तिको अतृप्त लालसा उपरोक्त चारै नेतामा रहेको पाइन्छ । कम्युनिष्ट आन्दोलनको विश्वसनीयता केवल एकताको घोषणाले पुनः स्थापित हुँदैन । त्यसका लागि नेतृत्वले आफ्ना विगतका गल्ती सार्वजनिक रूपमा स्वीकार गर्नुपर्छ ।*

टुटफुट, विभाजन, घात-अन्तर्घात र आरोप-प्रत्यारोपका शृंखला नै चलाएका नेपालका कम्युनिष्ट पार्टीका नेताहरू एउटै मञ्चमा देखिनु र एकताको आवश्यकता महसुस गर्नुले नेपालको वामपन्थी वृतलाई तरंगित बनाएको हुनसक्दछ तर आमजनताको निम्ति भने यो 'चियाकपको आँधी' नै सावित हुनेछ । विसं २००६ सालमा स्थापित नेपाल कम्युनिष्ट पार्टी आृनो ७६ वर्षको इतिहासमा ७० पटक विभाजित भएको छ । सत्ताबाट बाहिर हुँदा वामपन्थीदलहरूको अस्तित्व स्वीकार गर्ने तर सत्तामा पुग्नेबित्तिकै आफूबाहेकका पामपन्थीदलहरूको अस्तित्व नै स्वीकार गर्न नचाहने प्रवृत्तिले पनि नेपालका वामपन्थी शक्तिहरूलाई कमजोर बनाएको छ । नेपालका वामपन्थीदलबीच एकता हुनु र भ्यागुताको धार्नी बनाउनु कुरा एउटै हो । नेकपा एमालेका पूर्वमहासचिव स्वर्गीय मदन भण्डारीको ७५औं जन्मजयन्तीमा मदन भण्डारी फाउण्डेशनद्वारा आयोजित 'नेपालको कम्युनिष्ट आन्दोलन र जननेता मदन भण्डारी' विषयक विचार गोष्ठीमा वामपन्थी पृष्ठभूमिका पूर्वप्रधानमन्त्रीहरू नेकपा एमालेका अध्यक्ष खडगप्रसाद ओली, नेकपाका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेकपाका सहसंयोजक माधवकुमार नेपाल र नेकपाका संरक्षक झलनाथ खनाल अतिथि वक्ताको रूपमा उपस्थित थिए । चारै नेताहरूले वामपन्थी एकताको आवश्यकता टड्कारी रूपमा रहेकोमा एकै मत थिए तर नेतृत्व, पद र शक्तिको अतृप्त लालसा उपरोक्त चारै नेतामा रहेको पाइन्छ । कम्युनिष्ट आन्दोलनको विश्वसनीयता केवल एकताको घोषणाले पुनः स्थापित हुँदैन । त्यसका लागि नेतृत्वले आृना विगतका गल्ती सार्वजनिक रूपमा स्वीकार गर्नुपर्छ । गुटगत स्वार्थ, व्यक्तिवाद, अवसरवाद र सत्ता केन्द्रित राजनीतिबाट मुक्त हुने प्रतिबद्धता व्यवहारमा देखिनुपर्छ । पार्टीभित्र लोकतान्त्रिक संस्कृतिको विकास, नीति निर्माणमा पारदर्शिता, युवा पुस्तालाई नेतृत्वमा अवसर, अवाञ्छित होडबाजीको अन्त्य, सुशासनप्रति दृढ प्रतिबद्धता तथा जनजीविकाका सवालमा परिणाममुखी कामबिना कुनै राजनीतिक पुनर्जारण सम्भव छैन । विसं २०७४ सालको आमनिर्वाचन वामगठबन्धनको ब्यानरमुनि र साझा घोषणापत्रका साथ लडिएको थियो । चुनाव परिणाम वामगठबन्धनको पक्षमा रह्यो । चुनाव सम्पन्न भएको ६ महिनापछि ३, जेठ २०७५ मा नेपाल कम्युनिष्ट पार्टी माओवादी र नेकपा एमाले मिलेर नेपाल कम्युनिष्ट (पार्टी)को गठन भएको थियो । नेकपा माओवादी केन्द्रले माग गरेपछि २३ फागुन २०७७ मा सर्वोच्च अदालतको एउटा आदेशले एमाले र माओवादी केन्द्रलाई अलग्याइदिएको थियो । ९ भदौ २०७८ मा तत्कालीन एमालेबाट विभाजन भई माधवकुमार नेपालको नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) बनेको थियो । नेकपा हुँदाको अस्वस्थ प्रतिस्पर्धा, त्यसपछिको एमालेमा पनि देखियो । ओली-नेपालले एकअर्काको अस्तित्व पूर्णरूपमा अस्वीकार गरेका थिए । माधवकुमार नेपालको नाम लिनुपरे 'मुख कुल्ला गर्ने' सम्मको अभिव्यक्ति ओलीले दिएका थिए । नेपालले पनि आफ्नो शब्दकोषबाट गालीका शब्दहरू प्रयोग गर्दथे । नेकपा एमालेले हाल बेहोरको क्षतिमा नेकपा विभाजन र स्वयं एमाले विभाजनको ठूलो हात रहेकोमा दुबै नेता सहमत देखिए । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको आयोजनमा भएको कार्यक्रममा दुबै नेताले आपसमा हात मिलाएर हार्दिकता र अभिवादन साटासाट गरे । नेकपा एमालेको सक्रिय राजनीतिमा प्रयत्नशील पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी १४ असारकै दिन एमालेको सक्रिय राजनीतिमा फर्केको घोषणा गरेकी थिइन् । उनले सोही दिन एमालेको संगठित सदस्यता नवीकरणसमेत गराइसकेको जानकारी दिएकी थिइन् । बाँकी जीवन एमालेको नेता र कार्यकर्ताका रूपमा व्यतित गर्ने उनले बताएकी थिइन् तर उनको सक्रियतालाई शंकाको नजरले हेर्ने काम भयो । गत ५ र ६ साउनमा बसेको पार्टीको केन्द्रीय समितिको बैठकमार्फत उनको सदस्यता नवीकरणलाई खारेज गर्ने काम भयो । यस घटनाले एमालेमा प्रवेश गर्न खोज्ने युवा पुस्ताको मनोबललाई कमजोर बनाउने काम गर्‍यो । १० प्रतिशतको थ्रेसहोल्ड लागु गर्ने सरकारको प्रयासले अन्य राजनीतिक दलहरूलाई झन् टाढा पुर्‍याउने काम गर्‍यो । गत जेठ ४ मा बसेको एमाले सचिवालय बैठकले भण्डारीलाई पुनः पार्टीको सदस्यता दिने निर्णय गरेसँगै विद्या भण्डारी सक्रिय भएकी छिन् । नेकपा एमालेभित्र नेतृत्व परिवर्तनको माग चर्को रूपमा उठेको तथा पुस्तानान्तरणको बहसले पनि पार्टी अध्यक्ष ओलीलाई पुराना नेताहरूको सहयोग लिन बाध्य पारेको छ । पुराना नेताहरूसँग मिलेर जानु एमाले अध्यक्ष ओलीको बाध्यता र आवश्यकता दुवै भएको छ । हुन त २१ फागुनको चुनावअघि पनि वामसहकार्यको प्रयास भएको थियो तर सफल भएन । चुनाव सकिएको चार महिनापछि शीर्ष नेताहरू एकै मञ्चमा देखिएर सहकार्य र एकताको विषयमा विमर्श गरेका छन् । राजनीतिक दलहरूबीचको एकीकरणलाई गलत त कसैले पनि भन्न सक्दैन तर प्रश्न उठ्छ यो एकीकरण टिकाउ कति रहला ? संकटको बेला एकताको नारा तर शक्ति प्राप्त भएपछि विभाजित हुने प्रवृत्ति नेपाली जनतालाई मन परेको छैन । विसं २०७४ सालको आमनिर्वाचनपछि झण्डै दुई तिहाइको जनादेश प्राप्त गरेको वामगठबन्धनले देशमा राजनीतिक स्थायित्व प्रदान गर्ने अपेक्षा गरिएको थियो । वामगठबन्धनले समृद्ध नेपालको सपना पनि देखाएको थियो तर त्यो सपना नेतृत्वबीचको शक्ति संघर्ष, व्यक्तिगत अहंकार, अविश्वास र गुटगत प्रतिस्पर्धाको शिकार बन्यो । अन्ततः तीन वर्ष नपुग्दै नेकपा विभाजित भयो । त्यसले जनतामा गहिरो निराशा मात्रै उत्पन्न गरे, कम्युनिष्ट एकीकरणको विश्वासनीयतामाथि प्रश्नचिह्न खडा गर्‍यो । दुई तिहाइ जनमत हुँदा टिकाउन न सकेको पार्टी एकता, अहिले कुन नैतिक आधारमा पुनः सम्भव हुन्छ ? सत्ता गुमेपछि एकताको नारा लगाइन्छ भने त्यसले जनतामा संशय नै उत्पन्न गराउँछ, विश्वास होइन । फागुन २१ को निर्वाचन परिणामले के पनि संकेत गरेको छ भन्ने जनताले विकल्प खोज्न थालेका छन् । परम्परागत कम्युनिष्ट दलहरू क्रमशः कमजोर बन्दै गएका छन् । नयाँ राजनीतिक शक्तिको उदय र स्थापित दलप्रतिको असन्तुष्टिले पुराना दलहरूलाई आत्म समीक्षा गर्न दवाव दिएको छ तर अहंकारले ग्रसित पुराना नेताहरू आत्मसमीक्षा र सिंहावलोकन गर्न तयार देखिँदैनन् । विचार, नीति संगठन र नेतृत्व संस्कृतिमा परिवर्तनबिना हुने एकता अर्थहीन हुन्छ । नेकपाका सहसंयोजक माधवकुमार नेपालले जनताको बदलिँदो मनोविज्ञान बुझ्न नसकेको स्वीकार गर्नुभएको छ । अन्य नेताहरूले एकताको आवश्यकतामा बढी जोड दिए । भित्रभित्रै चारै नेतामा चलाखी देखिन्छ । एकले अर्काको नेतृत्वलाई सजिलै स्वीकार गर्ने सम्भावना देखिँदैन । जेनजी आन्दोलनलाई हेर्ने दुष्टिकोणमा परिवर्तन नआएसम्म पुराना दलका नेताहरू जनताको विश्वास जित्न सक्दैन । नेकपाका संयोजक पुष्पकमल दाहालले जेनजी आन्दोलनलाई सकारात्मक रूपमा लिएका थिए । उनले जेन-जी आन्दोलनलाई जनआक्रोश र पुराना दलहरूको कार्यशैलीको उपज भन्दै स्वभाविक रूपमा लिएर आन्दोलनपछिको परिवर्तनलाई आत्मसात गर्नुपर्ने अडान लिए । सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारलाई पनि उनले सहर्ष स्वीकार गरे । एमाले भने अहिलेसम्म जेनजी आन्दोलन र त्यसपछिको परिवर्तनलाई स्वीकार गरेको छैन । हुनत एमालेभित्र पनि अब यस विषयमा दुई मत देखिन्छ र एक पक्ष जेनजी आन्दोलनलाई स्वीकार गरेर जानुपर्ने मत राखिरहेको छ । नेकपा एमालेको एउटा ठूलो समूह परिवर्तनलाई आत्मसात गर्ने पक्षमा रहेको देखिँदैन । नेकपा एमाले र देशका कम्युनिष्टहरूले जनताको विश्वास गुमाउनुका पछाडि अन्य कारणभन्दा आफ्नै अन्तरविरोध र विभाजन प्रमुख थियो भन्ने यथार्थ बोध हुनसके नेतृत्वको असफलताबारे पार्टीभित्र पनि चर्चा हुनसक्नेछ । कार्पेटमुनि धुलो राखेर समस्याको समाधान हुँदैन । वामदलहरूबीच एकता आफैंमा नकारात्मक विषय होइन तर त्यो जनताको हितका लागि हो कि केवल सत्ता पुनः प्राप्त गर्ने रणनीति त्यो त एकीकरणको आवश्यकता महसुस गर्ने नेताहरूको व्यवहारबाट नै प्रष्ट हुनेछ । नेपाली जनताको दुईतिहाइ बहुमत प्राप्त गरी अहिले सत्तामा आएका प्रधानमन्त्री बालेन्द्र साह नेतृत्वको वर्तमान सरकारले नेपाली जनतालाई परिवर्तनको अनुभूति गराउने कुरामा दुईमत हुने ठाउँ छैन । रास्वपा सरकारलाई प्रतिबद्धता स्मरण छ र सोही दिशामा अगाडि बढेको छ । वामदलहरूबीच एकता सुन्नमा राम्रो लागे पनि व्यवहारमा त्यो त्यति सहज छैन ।

***-इहिमालयन डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सामाजिक क्षेत्रमा सम्मान बढ्नेछ। दाम्पत्य जीवन सुखमय रहनेछ। | **तुला**: आर्थिक पक्ष सबल रहनेछ। सरकारी वा वित्तीय क्षेत्रबाट लाभ मिल्नेछ। |
| **वृष** : प्रतिक्रियात्मक कुरा गर्दा विचार पुर्याउनुपर्ने हुन्छ। स्वास्थ्यमा ध्यान दिनुहोस्। | **वृश्चिक** : अनावश्यक खर्च बढ्नेछ। वैदेशिक स्वरोजगारमा बाधा आउन सक्छ। |
| **मिथुन** : कार्यक्षेत्रमा सम्मान बढ्नेछ। उद्योग व्यापारबाट विशेष फाइदा मिल्नेछ। | **धनु** : लगनशीलताले उचित इनाम मिल्नेछ। आत्मविश्वासमा वृद्धि हुनेछ। |
| **कर्कट** : आफूलाई समय दिनुहोस्। मानसिक शक्तिको विकासमा ध्यान केन्द्रित हुनेछ। | **मकर** : सरकारी योजनाहरूको लाभ मिल्नेछ। व्यवहारमा परिवर्तन आउनेछ। |
| **सिंह** : संघर्षबाट लाभ मिल्नेछ। व्यवहारमा शिष्टताको भावना कायम राख्नुहोस्। | **कुम्भ** : प्रगतिका नयाँ मार्गहरू खुल्नेछन्। गलत सङ्गतबाट थोरै सचेत हुनुपर्ने छ। |
| **कन्या** : आफन्तको सहयोगले काम समयमा सम्पादन हुनेछ। सञ्चित धनमा वृद्धि हुनेछ। | **मीन** : दिन प्रशन्नतामा बित्नेछ। कार्यक्षेत्रमा सजग भएर कार्य गर्नुहोला। |




कथा — पारिजात

# कुनै गुलाफ ओभानो छैन यहाँ



'इकेबाना' म उसलाई पहिलोपल्ट यसरी सम्बोधन गरेर बोलाउँछु । ऊ मुस्कुराउँदै मेरो कोठाभित्र पस्छे । दुई दिनअघि चिनियाँ माटोको कचौरामा उसैले भरेको फूलतिर देखाउँदै म भन्छु 'इकेबाना अर्थात् यो फूल सजाउने कला जापानी जनजीवनको एउटा विशिष्ट दर्शन रहेछ । यो कलामा डाक्टरेटसम्म लिन पाइने रहेछ । जापानमा मानिसको जीवनलाई एकदम क्षणिक अहिले छ भरे छैनको रूपमा लिइने रहेछ, उनीहरू भाग्यमा बढी विश्वास गर्ने रहेछन् र आकस्मिक मृत्युको त्यति विश्वास गर्दैनन् रे । तिमीलाई थाहा छ, जीवनलाई यसरी लिनुको पछि पनि कारण रहेछ र मलाई अनौठो लाग्यो त्यो कारण भौगोलिक रहेछ ।' ऊ जिज्ञासा देखाएर मतिर एकाग्र हुन्छे । म भन्दै जान्छु, 'सधैँभरि भुइँचालोको कम्पनमा बाँच्नुपर्ने देशका नागरिकहरू कतिलाई भुइँचालो आएको र गएको पत्तै हुँदैन रे, कति यस्ता प्रकोपमा परेर मरिरहेछन्, रोएर बिलाप गरेर साध्य हुँदैन रे । त्यसैले यो जीवन अति क्षणिक छ भन्ने प्रवृत्तिगत विकासमा इकेबानाको सिर्जना भएको रहेछ । त्यसै पनि त जापानीहरू युद्धमा शत्रुको हातबाट मर्नुभन्दा पहिले हाराकिरी गरेर मर्छन् । इकेबानामा भर्खर मात्र प्रवेश गरेकाले सायद ती अर्थहरू केही पनि तिमीलाई थाहा छैन, थाहा त मलाई पनि छैन, तर त्यो कचौरामा भरेको फूललाई भने मैले आज आफ्नै पाराले अर्थ्याएँ, हुनसक्छ इकेबानाभन्दा यसले भिन्न अर्थ राखोस् ।' ऊ फेरि कचौरातिर एकाग्र हुन्छे, म भन्दै जान्छु, 'पृष्ठभूमिमा राखिएको स्नो ड्रप्सका ती सुइराजस्ता पातहरूले जीवनमा आउने हरियालीको प्रतीक बोकेको छ र त्यो एकजोडी आधा फक्रेको गुलाफले युगल प्रेमीको अर्थ दिन्छ र ती क्रमश: ओइलाउन लागेका छन्, जसरी गुलाफ सधैँभरि ताजा रहँदैन ओइलाउनैपर्छ, जसरी जीवन पनि ओइलाउँछ । दायाँपट्टि सजाइएको त्यो एउटा स्नो ड्रप्स, जो हिउँजस्तै सेतो रङको छ त्यो प्रेममा हुनुपर्ने एकनिष्ठताको प्रतीक हो र फेदमा सजाइएका बाबरीका ती मसिना हरिया पातहरू बैंसमा आउने अज्ञात खुसियालीको प्रतीक हो र जुन बाबरीको बास्ना जस्तै क्रमश: मध्यम हुँदै जान्छ ।' ऊ छक्क परेर मेरो अनुहारमा हेर्छे र भन्छे, 'तपाईंले गजबले अर्थ्याउनुभएछ । वास्तवमा त्यति गहिरिएर मैले यसलाई भरेकै होइन, देख्दा सुन्दर लाग्यो, यसै राखिदिएँ ।' निकै बेर ती कचौरामा अर्थ्याइएका फूलहरूलाई हेरेपछि ओइलाएका गुलाफलाई झिक्तै ऊ भन्छे, 'हो, जीवनमा त कुन्नि किन बैंसको अवधि भने निकै क्षणिक हुन्छ जस्तो लाग्छ मलाई तथापि जीवनलाई भाग्य मान्ने पक्षमा छैन म ।' त्यसपछि फेरि कुतुतुतु हाँसेर भन्छे, 'हेर्नुस् न कत्रो विरोधाभास भएछ, एक त मलाई यो इकेबानाको असाध्य रुचि भइरहेछ, अर्कातिर डाक्टरले मलाई फूलको झ्याङतिर नजानुस्, तपाईंलाई एलर्जी छ यसको, त्यसो हो भने तपाईंको यो चिलाउने रोग ठीक हुँदैन भनेको छ ।' 'दु:खको कुरो अनि के गर्छौ त तिमी ?,' म सोध्छु । 'मैले वास्ता गरेकी छैन ।' यसो भन्दै ऊ सानो कैंची झिकेर बाहिरतिर गई र केही क्षणपछि एक अँगालो झारपात, लहरा, काँडा, फूल लिएर फर्की । त्यतिखेर म अर्को भाँडामा सजाइएको सुकेको हाँगालाई लपेट्ने मसिनो पात भएको हरियो लहरालाई अध्ययन गर्दै थिएँ आफ्नै पारामा । यो हरियो लहरा आशाको प्रतीक हो, जीवन जतिसुकै जर्जर र बूढो भए पनि त्यहाँ आशा मरेको हुँदैन, तर यो अर्थ पक्कै पनि इकेबानामा छैन । अचानक ऊ चिच्च्याएर उफ्रिन्छे र झारपातहरू भुइँभरि छरपस्टिन्छन् । म 'के भयो' भनेर उसलाई सोध्छु । एउटा फक्रिसकेको सेतो गुलाफतिर देखाउँदै भन्छे ऊ 'झुसिल्कीरा !' ऊ औँलाहरू झट्कार्न थाल्छे । म देख्छु, त्यो गुलाफमा एउटा कालो झुसिल्कीरा मज्जासँगले टाँसिएर बसेको रहेछ, हत्तपत्त नझर्ने गरी । 'ई अब चिलाउन थाल्यो' भन्दै ऊ हातगोडा मुसार्दै कन्याउँदै गर्न थाल्छे । एकछिन उसलाई स्वाभाविक हुन दिएपछि म प्रश्न गर्छु, 'यी सेता गुलाफका फूलहरूलाई तिमी के मान्छ्यौ ?' 'संसारभरि नै सेता गुलाफलाई पवित्रताको प्रतीक मान्छन् क्यारे, होइन ? मलाई राम्रो अध्ययन भने छैन है ।' झुसिल्कीरालाई त्यहाँबाट हटाउने साहस ऊ गर्दिन, त्यो कीरा डटेरै गुलाफमा बसिरहन्छ । म भन्न थाल्छु, 'तिमी मान या नमान, तर मैले यसलाई अर्कै किसिमले अर्थ्याएकी छु । त्यो सेतो गुलाफ पवित्र मान्छेको शरीरको प्रतीक हो, पवित्र मान्छेको अर्थ हुन्छ श्रम गर्ने मान्छे । त्यसैले त्यो गुलाफ श्रमजीवीको प्रतीक हो । त्यो कालो झुसिल्कीरा पसिना चुस्नेको प्रतीक, अलिअलि दखलले त्यो कीरा झर्दैन । त्यसलाई त्यस गुलाफबाट झार्न साहस चाहिन्छ, जस्तो तिमी त्यसलाई झार्न साहस गरिरहेकी छैनौ र तिम्रो एक्लैको साहसले पुग्दैन पनि ।' ऊ अलिकति हाँसेर भन्छे, 'हरे ! तपाईं जीवनको प्रत्येक पक्षलाई यसरी नै अर्थ्याउनुहुन्छ । श्रमशोषणभन्दा जीवनमा अरू थोक केही हुँदैन ? के यति रूखो छ जीवन ?' म पनि हाँसेर भनिदिन्छु, 'जीवन रूखो छैन, रसरंगले भरिएको हुन्छ, भुसिल्कीराहरूको जीवन । धेरै थोक हुन्छ जीवनमा, म यसलाई अस्वीकार गर्दिनँ, तर आधारचाहिँ श्रम र शोषण नै हो ।' केही बेर ऊ मौन बस्छे र अचानक बोल्छे, 'बेकार टिपिएछ त्यो अर्को गुलाफ पनि, बीचैमा खाइसकेको रहेछ झुसिल्कीराले, छि: ! अघि राम्रोसँग हेरिएन ।' एकैछिनपछि फेरि ऊ अघिजस्तै चिच्च्याएर बुरुकबुरुक उफ्रन्छे, म छक्क परेर हेरिरहन्छु । आखिर उसका खुट्टामा जुका पनि टाँसिएर रगत चुस्न थालिसकेको रहेछ । डराउँदैडराउँदै ऊ कैंचीको सहाराले जुका झिक्छे । दोस्रो सन्त्रासको स्थिति फेरि स्वाभाविक भएपछि म आफ्नै पाराको निष्कर्ष झिक्छु, 'इकेबाना सजिलो रहेनछ, कठिन लाग्यो यसको प्रक्रिया मलाई त, भन्दा मात्र फूल । जापान मुलुकको जनजीवनको दर्शन निहित छ रे इकेबानामा । हाम्रो जीवनदृष्टि पनि निहित हुन खोजिरहेको छ जस्तो लाग्न थालिसकेको छ मलाई यद्यपि भौगौलिक दृष्टिकोणले जिउँदा ज्वालामुखीहरूमाथि बाँचिरहेका जाति होइनौँ हामी ।' ऊ अब जिल्लिएर मलाई हेर्छे र भन्छे, 'तपाईंको कुरा मलाई अलिक स्पष्ट भएन ।' 'स्पष्टै छ त,' म भावुक भएर बोल्दै जान्छु, 'हाम्रो पनि त आफ्ना मान्छेहरूको जीवन आज छ भोलि छैन । पैसा कमाएर फर्कन्छु भनी लाहुर भासिएको छोरो फेरि घर फर्केर आउँदैन । डलर, पाउन्ड र भारतीय करेन्सीमा बिकेका हाम्रा वीर तन्नेरीहरू, सीमासीमामा जोखिमपूर्ण ठाउँहरूमा तैनाथ छन् । रातदिन मर्नमार्नलाई तयार । उनीहरूको जीवन पनि आज छ भोलि छैन, कति अनिश्चित । भुइँचालोको कम्पन अनुभव नगरेरै हामी कति अनिश्चित ! आजभोलि त नेपाली किशोरीहरू पनि खेत आलीबाट, वनजंगलबाट हराउँछन् र फेरि आउँदैनन्, आज छ भोलि छैन, कति अनिश्चित ! हेर, त्यो इकेबाना यी क्षणिक जीवनको प्रतीक कसरी हाम्रो जीवनदर्शन बन्दै गइरहेको छ ।' ऊ अँध्यारिएर घोप्टिन्छे र कैंचीले त्यो झुसिल्कीरालाई उप्काउने कोसिस गर्छे । गुलाफबाट झुसिल्कीरा त झर्छ, तर जीवनबाट ? एउटा विकराल प्रश्नचिह्न मेरो अघि उभिदिन्छ । म फूल भर्ने केटीलाई ठिक प्रश्नचिह्नजस्तो देख्न थाल्छु । त्यसपछि उसलाई आफ्नो नजिक बोलाएर झ्यालबाट पारि देखाउँदै भन्न थाल्छु, 'यहाँबाट देखिँदैन नि, उ: त्यो डाँडा हेर त हेर, ती ठूलठूलाहरूका बीचमा थला बसेको त्यो कच्ची इँटको घर सुन्दर अनुहारमा निस्किएको सार्की खटिराजस्तो देखिन्छ हगि ? हो, त्यही घरलाई हिजो रातिको बर्सातले थचारिदिएछ । त्यस घरमा एउटी बूढी आमै बस्छिन्, जसको छोरो केही वर्षअघि नेफामा मारिएको थियो ।' ऊ तर्सेर सोध्छे, 'के भएछ त्यो बूढी आमालाई ?' 'हुन त केही भएनछ, एउटा दलिन यसो छड्के परेर बसिदिएछ र बाँचिन्,' म भन्दै जान्छु, 'बिहान यतातिर रुँदै आएकी थिइन् । भन्थिन् घर पनि आृनो होइन रे । क्याच्चै किचिएर मरेको भए बरु छोरा भएठाममा पुग्न पाइन्थ्यो, दु:ख पाउनलाई बाँचेकी ।' यस्तैयस्तै ।छरपस्टिएका फूलपातहरूलाई हेरेर ऊ एकाग्र हुन्छे, अँध्यारो देखिन्छे । मेरो भन्ने कुरा बाँकी नै हुन्छ, भन्दै जान्छु, 'पोहोरपरार सालतिर नागाल्यान्डमा मारिने एउटा हामी दुवै एकार्कालाई हेर्छौं । सायद हामी दुवै एकार्कालाई प्रश्नचिह्न देखिरहेका हुन्छौँ ।-*साहित्यपोष्ट डटकम*

निबन्ध — तोमनाथ उप्रेती

# ईर्ष्याले चोरेको आत्मशान्ति

मानिसको जीवनमा सबैभन्दा ठूलो आफ्नै अन्तरात्माभित्र चलिरहेको हुन्छ । यो युद्ध आफ्नै मनका अदृश्य विकारहरूसँग हुन्छ। ती विकारहरूमध्ये ईर्ष्या सबैभन्दा मौन, सबैभन्दा सूक्ष्म र सबैभन्दा विनाशकारी शत्रु हो । यसले कुनै आवाज गर्दैन । कुनै घाउ देखिँदैन । कुनै रक्तपात हुँदैन । तर यसले मानिसको आत्मशान्ति, विवेक, सन्तोष र आनन्दलाई बिस्तारै चोर्दै लैजान्छ । बाहिरबाट मुस्कुराइरहेको मानिस भित्रभित्रै जलिरहेको हुन सक्छ । यही मौन दाहको नाम ईर्ष्या हो । ईर्ष्या त्यो धुवाँ हो, जसले अरूको उज्यालोलाई होइन, आफ्नै चेतनाको आकाशलाई अन्धकारले भरिदिन्छ । यसले अरूको सफलता देख्दैनह आृनै असन्तोष मात्र देख्छ । त्यसैले ईर्ष्या वास्तवमा अरूविरुद्धको भावना होइन, आफ्नै आत्मामाथिको अन्याय हो । पूर्वीय दर्शनले मनुष्यका सबै दु:खको मूल कारण बाहिरी वस्तुलाई होइन, भित्री अवस्थालाई मानेको छ । उपनिषद्हरूले आत्मालाई स्वभावत: पूर्ण, शुद्ध र आनन्दमय बताएका छन् । जहाँ आत्मबोध हुन्छ, त्यहाँ तुलना हुँदैन । जहाँ तुलना हुँदैन, त्यहाँ ईर्ष्या जन्मिँदैन । तर जब मानिस आृनो वास्तविक स्वरूप बिर्सेर केवल शरीर, सम्पत्ति, पद, प्रतिष्ठा वा सामाजिक स्वीकार्यतासँग आफ्नो अस्तित्वलाई बाँध्छ, त्यहीँबाट ईर्ष्याको बीउ उम्रन थाल्छ । एउटा फूलले अर्को फूलको सुगन्धसँग ईर्ष्या गर्दैन । एउटा नदीले अर्को नदीको प्रवाहसँग प्रतिस्पर्धा गर्दैन । सूर्यले चन्द्रमाको प्रकाश खोस्न खोज्दैन । प्रकृतिमा सबैको अस्तित्व आृनै धर्ममा अडिएको हुन्छ । मानिस मात्र आफ्नो धर्म बिर्सेर अरूको जीवन नाप्न थाल्छ । यही तुलना ईर्ष्याको पहिलो ढोका हो । ईर्ष्या कहिल्यै अभावबाट मात्र जन्मिँदैन । धेरै पटक यो प्रशस्तताभित्र पनि जन्मिन्छ । धनवान् मानिस गरिबसँग होइन, आफूभन्दा अझ धनीसँग ईर्ष्या गर्छ । विद्वान् अर्को विद्वान्सँग असहज हुन्छ । कलाकार अर्को कलाकारको प्रशंसाबाट असन्तुष्ट हुन्छ । राजनीतिज्ञ अर्को नेताको लोकप्रियताबाट व्याकुल हुन्छ । यसको अर्थ ईर्ष्याको सम्बन्ध वस्तुसँग होइन, चेतनासँग हुन्छ । जसको मन असन्तुष्ट छ, उसले संसार जिते पनि शान्ति पाउँदैन । जसको मन सन्तुष्ट छ, उसले थोरैमा पनि आनन्द भेट्छ । त्यसैले ईर्ष्याले सम्पत्ति होइन, सन्तोष चोर्छ । सम्मान होइन, आत्मविश्वास चोर्छ । सफलता होइन, आत्मशान्ति चोर्छ । भगवद्गीताले मानिसलाई राग, द्वेष, लोभ र अहंकारबाट मुक्त हुन आग्रह गर्छ । ईर्ष्या वास्तवमा द्वेष र अहंकारको संयुक्त रूप हो । जब अहंकारले आफूलाई अरूभन्दा ठूलो देख्न खोज्छ र वास्तविकता त्यसको विपरीत हुन्छ, तब मनभित्र ईर्ष्याको आगो बल्न थाल्छ । गीताको कर्मयोगले सिकाउँछ कि मानिसले आफ्नो कर्ममा केन्द्रित हुनुपर्छ, फलको तुलना गर्न होइन । अरूको उपलब्धिले हाम्रो मूल्य घटाउँदैन । अरूको सफलता हाम्रो असफलताको प्रमाण होइन । प्रत्येक आत्माको यात्रा फरक हुन्छ । प्रत्येक जीवनको समय फरक हुन्छ । यो सत्य बुझ्नेबित्तिकै ईर्ष्याको आधार कमजोर हुन थाल्छ । गौतम बुद्धले मानिसको मनलाई बाँदरजस्तै चञ्चल भन्नुभएको छ । यही चञ्चल मन कहिले प्रशंसा खोज्छ, कहिले तुलना गर्छ, कहिले असन्तोषमा डुब्छ । बुद्धका अनुसार करुणा, मुदिता र उपेक्षा मनका चार महान् गुण हुन् । मुदिता केवल एउटा नैतिक गुण होइन । यो चेतनाको

> *पूर्वीय दर्शनले मनुष्यका सबै दु:खको मूल कारण बाहिरी वस्तुलाई होइन, भित्री अवस्थालाई मानेको छ । उपनिषद्हरूले आत्मालाई स्वभावत: पूर्ण, शुद्ध र आनन्दमय बताएका छन् । जहाँ आत्मबोध हुन्छ, त्यहाँ तुलना हुँदैन । जहाँ तुलना हुँदैन, त्यहाँ ईर्ष्या जन्मिँदैन । तर जब मानिस आफ्नो वास्तविक स्वरूप बिर्सेर केवल शरीर, सम्पत्ति, पद, प्रतिष्ठा वा सामाजिक स्वीकार्यतासँग आफ्नो अस्तित्वलाई बाँध्छ, त्यहीँबाट ईर्ष्याको बीउ उम्रन थाल्छ ।*

परिपक्व अवस्था हो । यो आत्माको विस्तार हो । यो अहंकारको विसर्जन हो । जहाँ मुदिता जन्मिन्छ, त्यहाँ तुलना मर्छ । जहाँ तुलना मर्छ, त्यहाँ ईर्ष्याको आधार भत्किन्छ । अरूको सुखमा दु:खी हुन सजिलो छ । अरूको सुखमा सुखी हुन कठिन छ । यही कठिनाइले मानिसको आध्यात्मिक उचाइ मापन गर्छ । किनकि ईर्ष्या बाहिरी वस्तुबाट जन्मिँदैन । यो भित्री अभावबाट जन्मिन्छ । मुदिता बाहिरी उपलब्धिबाट आउँदैन । यो भित्री सम्पन्नताबाट प्रस्फुटित हुन्छ । ईर्ष्याले भन्छ "किन ऊ?" मुदिताले भन्छ "किन होइन?" यही एउटा प्रश्नले दुई चेतनाबीचको सम्पूर्ण दूरी देखाउँछ । एउटा चेतना सङ्कुचित हुन्छ । अर्को चेतना विस्तारित हुन्छ । एउटा स्वार्थमा बाँच्छ । अर्को समष्टिमा बाँच्न सिक्छ । मानिसले प्राय: अरूको सफलता आफ्नै असफलताको प्रमाण ठान्छ । यही भ्रम ईर्ष्याको जन्मस्थल हो । वास्तवमा अर्को व्यक्तिको उपलब्धिले हाम्रो सम्भावना घटाउँदैन । एउटा दीपक बलेर अर्को दीपकको उज्यालो कम हुँदैन । एउटा फूल फुलेर अर्को फूलको सुगन्ध हराउँदैन । प्रकृतिले प्रतिस्पर्धा गर्दैन । केवल मनले गर्छ । मुदिता आत्मविश्वासको सर्वोच्च अभिव्यक्ति हो । असुरक्षित मनले मात्र अरूको प्रगतिसँग डराउँछ । स्थिर मनले प्रेरणा लिन्छ । परिपक्व मनले उत्सव मनाउँछ । त्यसैले मुदिता करुणाभन्दा पनि कठिन साधना हो । करुणा दु:ख देखेर जाग्छ । मुदिता भने अरूको सुख देखेर जाग्नुपर्छ । यही कारण यो दुर्लभ छ । आध्यात्मिक दृष्टिले मुदिता अहंकारको मृत्यु हो । जब 'म' सानो हुन्छ, 'हामी' ठूलो हुन्छ । त्यहीँ प्रेम जन्मिन्छ । त्यहीँ द्वेष समाप्त हुन्छ । त्यहीँ आत्मा आृनो विशाल स्वरूपमा प्रकट हुन्छ । आजको समाजमा मुदिताको अभाव छ । प्रशंसाभन्दा प्रतिस्पर्धा बढी छ । सहयोगभन्दा तुलना बढी छ । त्यसैले अशान्ति बढेको छ । यदि विद्यालयले ज्ञानसँगै मुदिता सिकाउने हो भने समाजमा ईर्ष्या घट्नेछ । यदि परिवारले तुलना होइन, प्रोत्साहन दिने हो भने सम्बन्धहरू बलिया हुनेछन् । यदि व्यक्तिले अरूको सफलतालाई प्रेरणा बनाउन सिक्ने हो भने आत्मशान्ति फर्किनेछ । ईर्ष्याको अर्को खतरनाक पक्ष यसको अदृश्यता हो । मानिसले आृनो क्रोध स्वीकार गर्न सक्छ । आफ्नो दु:ख पनि स्वीकार गर्न सक्छ । तर ईर्ष्या स्वीकार गर्न कठिन मान्छ । किनकि ईर्ष्याले आफ्नो अनुहार परिवर्तन गछराष्ट्रको सामूहिक चेतना पनि विषाक्त बन्छ । जहाँ योग्यताको सम्मान हुँदैन र ईर्ष्याको राजनीति हुन्छ, त्यहाँ सिर्जना मर्छ र औसतपनले शासन गर्न थाल्छ । आजको डिजिटल युगले ईर्ष्यालाई अझ सूक्ष्म र तीव्र बनाएको छ । सामाजिक सञ्जालमा देखिने मुस्कानहरू धेरै पटक वास्तविक जीवनका प्रतिबिम्ब हुँदैनन् । मानिसहरूले आफ्नो जीवनको उज्यालो भाग मात्र देखाउँछन् । दु:ख लुकाउँछन् । असफलता लुकाउँछन्। संघर्ष लुकाउँछन् । तर हेर्ने व्यक्तिले त्यसलाई पूर्ण सत्य ठान्छ । त्यसपछि आफ्नै जीवन अधुरो लाग्न थाल्छ । तुलना बढ्छ । आत्मविश्वास घट्छ । ईर्ष्या बढ्छ । आत्मशान्ति हराउँछ । यसरी प्रविधिले समस्या सिर्जना गरेको होइन, तुलना गर्ने मनलाई अझ धेरै ऐना दिएको मात्र हो । ईर्ष्या आत्मअज्ञानको अर्को नाम हो । जसले आफूलाई चिनेको छ, उसलाई अरूको उचाइले डर लाग्दैन । समुद्रलाई नदीको गहिराइसँग प्रतिस्पर्धा गर्नु पर्दैन । हिमाललाई वनको हरियालीसँग ईर्ष्या हुँदैन । चन्द्रमाले सूर्यको तेज चोर्न खोज्दैन । सृष्टिमा प्रत्येक वस्तुको आफ्नै स्थान छ । मानिसले पनि यही सत्य स्वीकार गर्न सके जीवन सरल बन्छ । आफूलाई स्वीकार गर्ने व्यक्तिले अरूलाई पनि सहज रूपमा स्वीकार गर्न सक्छ । आत्मस्वीकृतिबाट आत्मशान्ति जन्मिन्छ । आत्मशान्तिबाट प्रेम जन्मिन्छ । प्रेम भएको ठाउँमा ईर्ष्या टिक्न सक्दैन । ईर्ष्याको उपचार बाहिरी संसार परिवर्तन गर्नु होइन । आफ्नै दृष्टि परिवर्तन गर्नु हो । कृतज्ञता यसको सबैभन्दा प्रभावकारी औषधि हो । जसले आफूले पाएको कुराप्रति धन्यवाद दिन सिक्छ, उसले अरूले पाएको कुराप्रति डाह गर्न छोड्छ । आत्मचिन्तन अर्को औषधि हो । ध्यान अर्को औषधि हो। सेवा अर्को औषधि हो । जब मानिस आृना स्वार्थभन्दा माथि उठेर अरूको हितमा बाँच्न थाल्छ, तब उसको मन विस्तार हुन्छ । विस्तारित चेतनामा ईर्ष्याले बस्ने ठाउँ पाउँदैन । त्यसैले आध्यात्मिक साधनाको लक्ष्य आफ्ना विकारहरूलाई चिन्नु र रूपान्तरण गर्नु पनि हो । महान् व्यक्तिहरूको जीवन हेर्दा एउटा समानता भेटिन्छ । उनीहरूले अरूलाई हराउने लक्ष्य राखेनन् । उनीहरूले आफूलाई जित्ने लक्ष्य राखे । यही आत्मविजय नै वास्तविक विजय हो । संसारका सबै पुरस्कार जितेर पनि मन अशान्त छ भने त्यो जीवन पराजित छ । यसले अरूलाई भन्दा धेरै आफ्नै जीवनलाई क्षति पुऱ्याउँछ । जसले ईर्ष्यालाई जित्छ, उसले संसारलाई जित्न आवश्यक पर्दैन । उसले आफ्नै मनलाई जित्छ । र आफ्नै मनमाथिको विजय नै सबैभन्दा ठूलो विजय हो । जब मानिसले अरूको सफलतामा मुस्कुराउन सिक्छ, आफ्ना सीमाहरूलाई स्वीकार्न सिक्छ, आफ्ना गुणहरूलाई चिनेर कृतज्ञ हुन सिक्छ, तब आत्मशान्ति फेरि फर्कन्छ । त्यो शान्ति आत्मबोधको प्रसाद हो । त्यही प्रसादले जीवनलाई प्रकाशमय बनाउँछ । त्यही प्रकाशमा ईर्ष्याको अन्धकार आफैँ विलीन हुन्छ । त्यही क्षण मानिसले बुझ्छ साँचो सुख अरूभन्दा माथि उभिनुमा होइन, आफ्नै अन्तरात्मासँग मेलमिलाप गर्नुमा रहेछ ।

*-समकालिन साहित्य डटकम*

# गुल्मीमा चार सय किलो गुणस्तरहीन महजस्तो पदार्थ नष्ट



**गुल्मी,** असार २४/गुल्मी प्रहरीले गुणस्तरहीन तथा अखाद्य ठहरिएको करिब चार सय किलोग्राम महजस्तो देखिने पदार्थ बरामद गरी नष्ट गरेको छ ।

जिल्ला प्रहरी कार्यालय गुल्मीका अनुसार गत जेठ २७ गते राति रेसुङ्गा नगरपालिका-८ स्थित बुढाथोकी बसपार्कबाट मह बिक्री-वितरण भइरहेको भन्ने सूचनाका आधारमा प्रहरी टोलीले उक्त पदार्थ नियन्त्रणमा लिएको थियो । सोही मह नक्कली भएको परीक्षणबाट पुष्टि भएपछि प्रहरीले नष्ट गरेको हो । नमुना परीक्षणका लागि खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण डिभिजन कार्यालय, तानसेन पठाइएको थियो । जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रवक्ता प्रहरी नायब उपरीक्षक वीरेन्द्रवीर विश्वकर्माले परीक्षण प्रतिवेदनमा नेपाल सरकारले तोकेको महको गुणस्तर मापदण्ड पूरा नगरेको पुष्टि भएपछि उक्त पदार्थलाई अखाद्य घोषणा गरिएको जानकारी दिए । उनका अनुसार जिल्ला प्रशासन कार्यालय गुल्मी, रेसुङ्गा नगरपालिका तथा उद्योग वाणिज्य सै गुल्मीका प्रतिनिधिको रोहवरमा जिल्ला प्रहरी कार्यालय परिसरभित्र उक्त गुणस्तरहीन पदार्थ विधिपूर्वक नष्ट गरिएको हो । प्रहरीले उपभोक्ताको स्वास्थ्यमा असर पुऱ्याउन सक्ने गुणास्तरहीन खाद्यवस्तुको उत्पादन, बिक्री-वितरण वा ओसारपसारबारे जानकारी भए तत्काल प्रहरीलाई सूचना दिन सर्वसाधारणसँग आग्रह गरेको छ ।

## खेलकुद समाचार

### स्विट्जरल्यान्ड विश्वकप फुटबलको क्वार्टरफाइनलमा



**काठमाडौं,** असार २४/स्विट्जरल्यान्डले फिफा विश्वकप फुटबलको क्वार्टरफाइनलमा स्थान बनाएको छ । क्यानडाको बीसी प्लेस स्टेडियममा आज बिहान सम्पन्न अन्तिम प्रि-क्वार्टरफाइनल खेलमा कोलम्बियालाई पेनाल्टी शुटआउटमा ४-३ ले हराउँदै स्विट्जरल्यान्ड क्वार्टरफाइनलमा पुगेको हो । खेलको निर्धारित समय र अतिरिक्त ३० मिनेटसम्म पनि दुवै टोलीले गोल गर्न नसकेपछि विजेताको टुङ्गो पेनाल्टी शुटआउटबाट भएको हो । पेनाल्टीमा कोलम्बियाका डेभिन्सन सान्चेज र कुचो हर्नान्डेजको प्रहार असफल भयो । स्विट्जरल्यान्डका ग्रानिट जाका, जेकी आम्दोनी, सेड्रिक इटेन र रुबेन वर्गासले पेनाल्टीमा गोल गरे । सन् १९५४ पछि पहिलो पटक विश्वकपको क्वार्टरफाइनलमा पुगेको स्विट्जरल्यान्डका लागि विश्वकप इतिहासकै चौथो क्वार्टरफाइनल यात्रा हो ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक घट्यो



**पाल्पा,** असार २४/ धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले घटेको छ । नेप्से बुधबार ३० दशमलव ९ अंकले घटेको हो । नेप्से घटेसँगै दुई हजार ६ सय २१ दशमलव ५९ मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ९२ अङ्कले ओरालो लागेर ४५६ दशमलव ६८ मा पुगेको छ । त्यस्तै, फ्लोट सूचक दुई दशमलव ०६ अङ्कले घटेर १७९ दशमलव ८९ मा पुगेको छ । त्यस्तै, सेन्सेटिभ फ्लोट सूचक भने एक दशमलव ४२ अङ्कले घटेर १५४ दशमलव ५८ मा पुगेको छ । विभिन्न कम्पनीका ८४ लाख ६३ हजार १५ कित्ता सेयर रु चार अर्ब ८२ करोड ६० लाख ८४ हजार ८२५ मूल्यमा खरिद बिक्री भएको छ । १३ वटै उपसमूहमध्ये १२ वटा उपसमूह घट्यो भने एक उपसमूह बढ्यो । २५ कम्पनीको सेयर बढ्यो भने २४७ कम्पनीको सेयर घट्यो । नेप्सेका अनुसार सिटिजन बैंक डिबेञ्चर, एनएमबी डिबेञ्चर, प्रभु बैंक डिबेञ्चरका लगानीकर्ताले कमाएका छन् भने कर्पोरेट डेभलपमेन्ट बैंक, उपकार लघुवित्त वित्तीय संस्था र सानीगाढ हाइड्रोपावर कम्पनीका लगानीकर्ताले गुमाएका छन् ।

अघिल्लो दिनको तुलनामा कारोबार रकम पनि बढेको हो । मंगलबार सेयर बजारमा ४ अर्ब ४० करोड ७ लाख रुपैयाँ बराबरको कारोबार भएको थियो । बुधबार कारोबारमा आएका १३ उपसमूहमध्ये सामूहिक लगानी कोषबाहेक सबैको परिसूचक घटेपछि समग्र नेप्सेमा उच्च अंकको गिरावट भएको हो । तर, सामूहिक लगानी कोषको परिसूचक ०.११ प्रतिशतले सकारात्मक रहेको छ ।

# कालीगण्डकी करिडोर...

...जिल्ला प्रशासन कार्यालयमा नागरिता बनाउन होस् या राहदानी बनाउन होस्, मालपोत, नापी कार्यालयमा पुगेर काम सक्न कठिन हुन्थ्यो । बास बस्नुपर्ने बाध्यता थियो । अब ती दिनका कुरा गर्दा नयाँ पुस्तालाई कथा जस्तै लाग्छ", भण्डारीले भने । नवलपुरको बौद्धिकाली गाउँपालिका-२ डेढगाउँका खेतको छेउछाउ बाँदर लागेर अन्नबाली जोगाउन पनि मुस्किल हुन्थ्यो । विगतमा यहाँ बाक्लो बस्ती नहुँदा बाँदरबाट बाली जोगाउन निकै समस्या हुने गरेको स्थानीय ध्रुव पङ्गेनी बताउन्छन् । उनका अनुसार सडक नआउँदासम्म यहाँ दुर्गमजस्तै थियो । पछि सडक सञ्जालले गाउँ जोडेरपछि अहिले यहाँको जनजीवन नै परिवर्तन भएको पङ्गेनीले बताए । खेतकै बीचबाट राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर सडक खुलेपछि अहिले यहाँ निकै चहलपहल भएको छ । यहाँ होटेल व्यवसाय सञ्चालनमा छन् भने दैनिक दर्जनौँ गाडी ओहोरदोहोर गर्छन् । पाल्पा र नवलपुर मात्रै होइन, कालीगण्डकी करिडोरको ट्र्याक खुलेर स्तरोन्नति भएसँगै गुल्मीको पूर्तिघाटदेखि बाग्लुङको मालढुङ्गासम्म दर्जनौँ व्यवसाय सञ्चालन भएका छन् भने सडक आसपासमा नयाँ बस्ती विकास भएको स्थानीय पुरन रास्कोटी बताउन्छन् । प्रसिद्ध धार्मिकस्थल देवघाटदेखि मुक्तिनाथसम्म जोड्ने परिकल्पनाअनुरुप कालीगण्डकी नदीको किनारैकिनार कालीगण्डकी करिडोर निर्माण भएपछि पूर्वी नवलपरासी, चितवन, तनहुँ, पाल्पा, स्याङ्जा, गुल्मी, पर्वत, म्याग्दी, बागलुङ, मुस्ताङसम्मका लाखौँ जनतासँग प्रत्यक्षरुपमा जोडिन पुगेको छ । दक्षिणी मुलुकदेखि उत्तरी मुलुकसम्म जोड्ने सबैभन्दा कम दूरी मानिने कालीगण्डकी करिडोर २०६५ सालदेखि सुरु भएको हो । कालीगण्डकी करीडोरको पूर्वी नवलपरासीमा ८७ किलोमिटर, पाल्पामा ७८, गुल्मीमा ४२, बागलुङमा ३८, पर्वतमा १३, म्याग्दीमा ४२ र मुस्ताङमा १४७ किलोमिटर पर्छ । कालीगण्डकी नदीसँगै विस्तार भएको सडकले पहाडी बस्तीलाई राष्ट्रिय राजमार्गसँग जोडेको छ । सडक खुलेपछि स्थानीयको दैनिकी मात्र होइन, आर्थिक र सामाजिक जीवनशैली पनि बदलिएको छ । "पहिला उत्पादन बेच्न दुई/तीन दिन लाग्थ्यो । अहिले बिहान टिपेको तरकारी दिउँसो बजार पुग्छ", हेक्लाङका किसान विपिन अर्यालले भने, "यातायात सहज भएपछि ढुवानी लागत घटेको छ र उत्पादनले राम्रो मूल्य समेत पाउन थालेको छ ।" गुल्मीको कालीगण्डकी गाउँपालिका-२ अर्वेनीका धनबहादुर विश्वकर्माको जीवन पनि क्रमश: फेरिँदै छ । दैनिक अभाव झेलिरहने उनको जीवनको दैनिकी सडकका कारण फेरिएको हो । परम्परागत खेतीले तीन महिना जेनतेन खान पुग्ने उनलाई कालीगण्डकी करिडोर सडक सञ्चालनमा आएसँगै गरेको तरकारीखेतीले वर्षौँभरिको अभाव टरेको छ । हाल उनले पाँच रोपनी जमिनमा तरकारीखेती लगाएका छन् । सरकारी तथा गैरसरकारी निकायबाट तालिम लिएर तरकारीखेती गरेयता उनलाई अभाव भन्ने थाहा छैन । "कालोपत्रे सहितको फराकिलो करिडोर सडकले मेरो जीवन बदलियो", उनले भने, करिडोर आफू र अरू विपन्नका लागि वरदान सावित भएको उनको भनाइ छ । रामपुरका कृषक कृष्णकुमार अर्याल पनि करिडोरका कारण व्यावसायिक रुपमा पशुपालन गर्ने कृषकको संख्या बढेको बताउन्छन् । विगतमा घर खर्चका लागि पालिने गाईभैंसी आजभोलि कृषकहरु व्यावसायिक रुपमा पालन गरी दुग्ध उत्पादनतर्फ लागि परेका छन् । उत्पादित दूध, कुखुराको अण्डा, कुखुराजस्ता वस्तुहरुको उत्पादन बढेको छ । यहाँ उत्पादित दूध, अण्डा चितवन, पोखरासम्म पुग्ने गर्दछ । यसैगरी सडक विस्तारका कारण तरकारी, केरा खेतीबाट समेत कृषकहरुले राम्रो आम्दानी लिन सफल भएका छन् । पछिल्लो समयमा रामपुर फाँटमा घाँसखेतीको सुरु भएको छ । पशुका लागि नेपियर, स्टाइलो, जै वर्षिमजस्ता घाँसको व्यावसायिक उत्पादन भएको छ । करिडोर आसपासका क्षेत्रमा अहिले कृषि, पशुपालनलगायत फर्म खोल्ने संख्या पनि अधिक छ । करिडोर आएपछि माथिल्ला गाउँबस्तीका बासिन्दा पनि व्यापार व्यवसायका लागि करिडोर छेउमा झर्ने क्रम तीव्र छ । नझर्ने पनि केही उत्पादन गरेर बजार पठाउने र त्यही पैसाले अरू अत्यावश्यक सामान खरिद गर्ने गरिरहेका छन् । करिडोरका कारण दुई/चार केजी कृषिउपज उत्पादन भए पनि बजार लैजान र केही ल्याउन धेरै सहज भएको स्थानीय बताउँछन् ।

कालीगण्डकी करिडोरका कारण यस क्षेत्रको पर्यटन विकासमा समेत ठूलो टेवा पुगेको छ । करिडोरअन्तर्गत त्रिवेणीधाम, देवघाटधाम, केलादीधाम, राम्दीघाट, रानीघाट, रुद्रवेणी, सेतीवेणी, पूर्तिघाट, ज्यामिरेघाट, पाल्पा भैरवस्थान, बागलुङ कालिका, गलेश्वरधाम, कागबेनी, मुक्तिनाथ, दामोदर कुण्डजस्ता महत्वपूर्ण तीर्थस्थल पर्छन् । कालीगण्डकीमा मात्र पाइने शालिग्राम दर्शनका लागि समेत दैनिक सयौँ धार्मिक पर्यटक आउने गरेका छन् । रामपुर नगर क्षेत्रका धार्मिक, पर्यटकीय, सांस्कृतिक महत्व बोकेका स्थानको अध्ययन अवलोकनको लागि आन्तरिक पर्यटकको संख्यामा उल्लेखनीय वृद्धि भएको छ । यहाँ जल यात्रा गर्ने पर्यटकसमेत उल्लेखीय रुपमा आउने गरेका छन् । करिडोर आएपछि यस क्षेत्रका बासिन्दालाई यही माटोमा आयआर्जनमा जोडिने राम्रो अवसर प्राप्त भएको रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापा बताउन्छन् । उनले करिडोरले समृद्धिका लागि ठूलो टेवा पुऱ्याएको बताए । "कालीगण्डकी करिडोर नआएको भए धेरै ठाउँहरु अहिलेसम्म पनि सडक सञ्जालले जोड्न मुस्किल हुन्थ्यो होला", थापाले भने, "करिडोर आएपछि एकाएक अवसर र सुविधाबाट वञ्चित बनेका गाउँठाउँ सुगम बनेका छन् ।" उनले रामपुरको विकासको आधार पनि करिडोर भएको बताए । कोरलाबाट दुई सय ५७ किमि पार गरेपछि कैलाश मानसरोवर पुगिने भएकाले यो मार्ग धार्मिक पर्यटनका लागि उत्तम छ । करिडोर निर्माणपछि छिमेकी राष्ट्र चीन र भारतबीचमा आर्थिक, सामाजिक, सांस्कृतिक सम्बन्धलाई सुदृढ बनाउन मद्दत पुग्नेछ । सडक सञ्जालले गर्दा स्वास्थ्य सेवामा पनि उल्लेखनीय सुधार आएको छ । गर्भवती महिला, दुर्घटनाका घाइते वा आकस्मिक बिरामीलाई समयमै अस्पताल पुऱ्याउन सकिने भएको छ । विद्यालय र कलेज जाने विद्यार्थीको यात्रा छोटिएको छ भने सरकारी सेवा लिन सदरमुकाम धाउनुपर्ने समय पनि कम भएको छ । सडक किनारमा होटल, पसल, ग्यारेज र अन्य साना व्यवसाय खुल्न थालेका छन्, जसले रोजगारीका नयाँ अवसर समेत सिर्जना गरेको छ । कालीगण्डकी करिडोर एउटा सडक मात्र होइन, पहाडका बासिन्दाको जीवन, अर्थतन्त्र र सम्भावनालाई नयाँ दिशा दिने विकासको आधार बनेको छ । अझै पूर्वाधार सुदृढीकरण, नियमित मर्मत र सुरक्षित सञ्चालन सुनिश्चित गर्न सकिए यस करिडोरले दीर्घकालीन समृद्धिको ढोका अझ फराकिलो बनाउने अपेक्षा गरिएको छ ।-*रासस*


## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८३/०३/२४**

यस श्री कृष्ण मा.वि. रम्भा गाउँपालिका- ३ पिपलडाँडा पाल्पाको वि.व्य.स.को मिति २०८३/३/२३ को बैंठकको निर्णय तथा रम्भा गाउँकार्यपालिकाको च.नं. १६४९ मिति २०८३/३/२४ को सिफारिस पत्र अनुसार शिक्षा विकास तथा समन्वय ईकाइ पाल्पाको च.नं. १४०२ को अनुमति पत्र अनुसार प्रा.बि. तहमा अध्यापन गर्न एक जना शिक्षक आवश्यकता भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञापन नं. : १/२०८२/०८३, पद : शिक्षक (करार), संख्या:** १ जना

**तह : प्रा.वि. , श्रेणी :** तृतीय

**न्युनतम शैक्षिक योग्यता :** शिक्षाशास्त्र विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण

**उमेर :** १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको

**तलब :** नेपाल सरकारले तोके वमोजिम

**दरखास्त दिने अन्तिम मिति :** २०८३/०४/०६ गते

**सम्पर्क मिति :** २०८३/०४/०७ गते

**परीक्षा मिति :** सम्पर्क मितिमा तोकिने छ ।

**परीक्षाको किसिम :** लिखित, मौखिक र आवश्यकता अनुसार कक्षा अवलोकन,

**निबेदन दस्तुर :** रु ५००/-

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :** निवेदन, शैक्षिक योग्यता , अध्यापन अनुमति पत्र र नागरिकता प्र.प.का प्रितलिपिहरु २/२ प्रति

**थप जानकारीको लागि सम्पर्क :** ९८४७२४७५१२, ९७४३४८२९७२, ९८६७२४३२५९

**इमेल** : krishnamavi4761@gmail.com

**श्री कृष्ण माध्यमिक विद्यालय**

रम्भा गाउँपालिका -३, पिपलडाँडा, पाल्पा



मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई